5/2/2025

National News

प्रमुख समाचार

- दिल्ली विधानसभाका सत्तरीवटा आशनमा शान्तिपूर्ण ढङ्गमा चुनाउ सम्पन्न
- प्रधानमन्त्री नरेन्द्र मोदीले लगाउनुभयो महाकुम्भमा पवित्र डुबकी
- दशदेखि जौध फरवरीसम्म बेङ्गलुरुमा एयरो इण्डिया शो हुने
- एक सय चारजना अवैध भारतीय अप्रवासीहरू आफ्नो देश आइपुगे अनि
- सिक्किम विधानसभाको एक दिने सत्र सम्पन्न

- Delhi Election

दिल्ली विधानसभाका सत्तरीवटा आशनमा साँझ पाँच बजीसम्ममा लगभग अन्ठाउन प्रतिशत मतदानका साथ शान्तिपूर्ण ढङ्गमा चुनाउ सम्पन्न भयो। उत्तरपूर्वी दिल्लीमा सर्वाधिक लगभग चौंसट प्रतिशत अनि दक्षिण-पूर्वी दिल्लीमा सबैभन्दा कम चौवन प्रतिशत मतदान रेकर्ड गरियो। यसरी नै सहदरा जिल्लामा एकसट प्रतिशत, उत्तर दिल्लीमा लगभग अन्ठाउन प्रतिशत अनि उत्तर-पश्चिम दिल्लीमा अन्ठाउनभन्दा अधिक प्रतिशत मत खस्यो।

--------------------------------------X--------------------------------------

- PM Mahakumbh

प्रधानमन्त्री नरेन्द्र मोदीले आज प्रयागराजको महाकुम्भमा त्रिवेणी संगममा पवित्र डुबकी लगाउनुभयो। एउटा सोशल मिडिया पोस्टमा श्री मोदीले संगममा स्नान गर्नु दिव्य जुडावको क्षण बताउनुभएको छ। उहाँले भन्नुभयो, यसमा भाग लिने करोड़ौं अन्य मानिसहरू सरह उहाँपनि भक्तिको भावनाले ओतप्रोत हुनुभएको छ।

श्री मोदीले माँ गंगाले देशवासीहरूलाई शान्ति, ज्ञान, सुस्वास्थ्य अनि सद्भावको आशीर्वाद दिनुहुनेछ भनि आशा व्यक्त गर्नुभयो।

--------------------------------------X--------------------------------------

- Karnataka-Aerobatic Team

एयरो इण्डिया शो दशदेखि जौध फरवरीसम्म बेङ्गलुरुमा हुनेछ। यसमा एकपल्ट फेरी सूर्य किरण एरोबेटिक टोलीको साहसिक कार्य देख्ने अवसर मिल्नेछ। चौधजना पाइलटहरूको यस विशिष्ट टोलीलाई भारतीय वायुसेनाको दूतका रूपमा जानिन्छ। यो

टोलीले एयरो इण्डिया शो-अवधि आफ्नो आकर्षक रातो र सेतो हक MK-132 जेट विमानहरूको सञ्चालन गर्नेछ। यस वर्ष यी हकमा रंगिबिरंगी धुवा निकाल्ने स्मोक पोड्स लगाइएको छ। हवाई प्रदर्शनीअवधि, यी विमानहरूले हाम्रो राष्ट्रिय ध्वजमा समावेश तीनै रंगको धुवाँ छोड्नेछन्। वर्ष 1996-मा स्थापित, सूर्य किरण एरोबेटिक टोली नौंवटा विमान भएको आफ्नै प्रकारको एकमात्र टोली हो। टोलीले अहिलेसम्ममा देश तथा विदेशमा सात सयपल्ट प्रदर्शन गरेको छ।

---------------------------------------X---------------------------------------

- Punjab-Indian return

एक सय चारजना अवैध भारतीय अप्रवासीहरूलाई लिएर एउटा अमेरीकी विमान आज अमृतसरको श्री गुरु रामदास जी अन्तरराष्ट्रिय विमानास्थलमा आइपुग्यो। सूत्रका अनुसार यीमध्ये तीसजना पञ्जाबबाट अनि रहल चन्डीगढ़, हरियाणा, गुजरात, महाराष्ट्र र उत्तर प्रदेशबाट छन्। सबै निर्वासित मानिसहरूको सत्यापनको प्रक्रिया चलिरहेछ। अमेरीकामा नयाँ सरकार आएपछि पहिलोपल्ट अवैध अप्रवासीहरूलाई आफ्नो देश पठाइएको छ।

---------------------------------------X---------------------------------------

- Sikkim Assembly

सिक्किम विधानसभाको एक दिवसीय अधिवेशन आज सम्पन्न भयो।
यसमा आफ्नो अभिभाषण प्रस्तुत गर्दै राज्यपाल ओम प्रकाश माथुरले भन्नुभएको छ, वर्तमान राज्य सरकारको प्राथमिकता विजुली, पानी र सड़क जस्ता बुनियादी आवश्यकताहरूलाई सुदृढ़ बनाउनु रहेको छ।
उहाँले राज्यले प्राप्त गरेको सफलता र भविष्यका चुनौतीहरूमाथि प्रकाश पार्नुभयो। श्री माथुरले भन्नुभयो, सिक्किम राज्यले स्वास्थ्य हेरचाह, पर्यावरण संरक्षण र पर्यटन जस्ता मुख्य क्षेत्रहरूमा उल्लेखनीय प्रगति गरेको छ। राज्यपालले भन्नुभयो, राज्यले कायम गरेको राष्ट्रिय औसतभन्दा कम शिशु मृत्युदर (IMR) र मातृ मृत्युदर (MMR)-ले गुणस्तरीय स्वास्थ्य सेवामा सरकारको प्रतिबद्धतालाई दर्शाउँदछ। उहाँले मेरो रूख मेरो सन्तती र शिशु समृद्धी योजनाले भावी पीड़िका निम्ति टिकाउ पर्यावरण र आर्थिक सशक्तिकरण दुवै क्षेत्रमा योगदान पुऱ्याउनेछ भन्नुभयो। पछि धन्यवाद भाषण प्रस्तुत गर्दै सदनका नेता तथा मुख्यमन्त्री प्रेमसिंह तामाङले भन्नुभयो, सिक्किम क्रान्तिकारी मोर्चा पार्टीको सरकार गठन भएदेखि नै सरकार समावेशी शासनव्यवस्था, धार्मिक निष्पक्षता, साम्प्रदायिक सद्भावना, आपसी सहयोग र विशेषाधिकार विहीनहरूलाई सहायताका

लागि प्रतिवद्ध रहेको छ। उहाँले गरीब गर्वाका समस्याको समाधान गर्नका लागि अथक रूपमा कार्य गर्ने प्रतिज्ञा गर्नुभयो।

सदनमा आज चारवटा नयाँ र तीनवटा संशोधन विधेयकहरू प्रस्तुत गरियो।

नयाँ विधेयकहरूमा स्वस्तिक विश्वविद्यालय सिक्किम विधेयक 2025, Trident Applied Sciences विश्वविद्यालय, सिक्किम विधेयक, श्री भेङ्कटेश्वर विश्वविद्यालय विधेयक र सिक्किम नमूना पाठशाला विधेयक 2025 समावेश छन्।

यसैगरी संशोधन विधेयकहरू हुन् सिक्किम मोटर यान कराधान विधेयक 2025, सिक्किम लोक माग वसूली विधेयक र सिक्किम नगर पालिका संशोधन विधेयक।

यसअघि विधानसभा अध्यक्ष MN शेर्पाले गत उपचुनाउमा निर्विरोध निर्वाचित हुनुहुनुभएका एसकेएम पार्टीका दुईजना उम्मेदवारलाई शपथ दिलाउनुभयो।

-----------------------------------------X-----------------------------------------

- PM- Aga Khan

प्रधानमन्त्री नरेन्द्र मोदीले लाखों इस्मा-इली मुसलमानहरूका धर्म गुरू करीम आगा खान चतुर्थको निधनमा शोक व्यक्त  गर्नुभएको छ। सोशल मिडिया पोस्टामा श्री मोदीले भन्नुभएको छ, प्रिन्स करीम आगा खान दूरदर्शी व्यक्ति हुनुहुन्थ्यो, जसले आफ्नो पूरा जीवन सेवा र आध्यात्ममा समर्पित गर्नुभयो। प्रधानमन्त्रीले भन्नुभएको छ, स्वास्थ्य, शिक्षा, ग्रामीण विकास र महिला सशक्तिकरण जस्ता क्षेत्रहरूमा उहाँको योगदानले मानिसहरूलाई संधै प्रेरित गरिरहनेछ। श्री मोदीले आगा खानसित भएको आफ्नो वार्तालापको संधैभरि कदर गर्ने बताउनुभयो। प्रधानमन्त्रीले प्रिन्स करीम आगा खानका परिवार साथै विश्वभरिमा उहाँका लाखों अनुयायिहरू र प्रशंसकहरूप्रति आफ्नो संवेदना व्यक्त गर्नुभयो।

-----------------------------------------X-----------------------------------------

- Nepal NEA

नेपाल सरकारका प्रवक्ता तथा सूचना प्रोद्योगिकी मन्त्री पृथ्वी सुब्बा गुरूङ्ले सरकारले, नेपाल विधुत प्राधिकरण NEA-लाई भारतको IL तथा FS इनर्जी डेबलेपमेन्ट कम्पनी लिमिटेडलाई शेयरहरू किन्ने अनुमति दिएको भन्नुभएको छ। यो कम्पनी, नेपाल-भारत सीमा रेखादेखि बिहारको मुजफ्फरपुरसम्म ट्रान्समिशन लाइनको विकासका लागि स्थापित गरिएको सीमा पार विद्युत सम्प्रेषण कम्पनी हो। मन्त्रीमण्डलको बैठकमा NEA-लाई IL तथा FS एनर्जी डेबलेपमेन्ट कम्पनी लिमिटेडका प्रोमोटर शेयरहरूको २१ लाख तीरतर हजार एक सय तिरसठी यूनिटको खरीद गर्ने अनुमति दिइने निर्णय लिइयो।

- <u>Jaishankar- President UNGA</u>

विदेश मन्त्री डाक्टर सुब्रमण्यम जयशंकरले आज नयाँ दिल्लीनमा संयुक्तत राष्ट्र महासभाका अध्यक्ष फिलेमोन याङसित भेट गर्नुभयो। सोशल मिडिया पोस्ट्मा डाक्टर जयशंकरले यस अवसरमा बहुपक्षीय सुधारको आवश्यमकतासहित संयुक्त राष्ट्रको एजेन्डेका विभिन्न मुद्दामाथि विचार-विमर्श गरेको कुरा बताउनुभएको छ। यसबाहेक क्षेत्रीय, वैश्विक तथा विकाससित जोड़िएका मुद्दामाथि पनि कुराकानी भयो।

--------------------------------------X--------------------------------------

- <u>Green School Rating</u>

नाम्चीको PM श्री सरकारी उच्चतर माध्यमिक विद्यालय समग्र पूर्वोत्तर राज्यहरूबाट ग्रीन स्कूलको दर्जा प्राप्त गर्ने एकमात्र शैक्षिक संस्थान भएको छ।

नयाँ दिल्लीको इण्डिया habitat सेन्टरमा केन्द्रिय विज्ञान तथा पर्यावरण केन्द्रद्वारा आयोजित ग्रीन कार्निभल तथा  हरित पाठशाला पुरस्कार समारोहमा PM श्री पाठशालालाई पुरस्कृत गरियो।

देशभरि विभिन्न पाठशालाहरूबाट युवा पर्यावरणविद्हरूलाई संलग्न गराउन केन्द्रिय विज्ञान तथा पर्यावरण केन्द्रले यो कार्यक्रम वर्षेनी आयोजन गर्दछ। जुलाईदेखि दिसम्बरसम्मको अवधिमा ग्रीन स्कूल अडिट रिपोर्टको मूल्याङ्कन र विश्लेषणपछि पाठशालाहरूलाई ग्रीन स्कूलको दर्जा दिइन्छ।

2024-2025 सत्रका निम्ति ग्रीन स्कूल अडिट रिपोर्ट प्रस्तुत गर्ने दस हजारभन्दा अधिक पाठशालाहरू मध्ये एक सय पचास पाठशालाहरूलाई ग्रीन स्कूलको दर्जा प्रदान गरियो।

समारोहमा नाम्चीका PM श्री पाठशालाबाट दुईजना विद्यार्थीहरूसित शिक्षक KS राईले सिक्किम राज्यको प्रतिनिधित्व गर्नुभयो।

उहाँले यो उपलब्धिको श्रेय राज्यको वन तथा पर्यावरण विभागको पर्यावरण सूचना प्रणाली केन्द्रलाई दिनुभयो। यस केन्द्रले राज्यका शिक्षक र विद्यार्थीहरूलाई समय समयमा प्रशिक्षण आयोजन र आवश्यक जानकारी प्रदान गर्ने कार्य गर्दछ।

--------------------------------------X--------------------------------------

- <u>Vaishnav-Open AI CEO</u>

सूचना एवं प्रसारण मन्त्री अश्विनी वैष्ण-वले आज ओपन AI-का मुख्यन कार्यकारी अधिकारी स्याम अल्टकम्यानसित भेट गर्नुभयो। श्री वैष्णीवले बताउनुभएअनुसार प्रधानमन्त्री नरेन्द्रअ मोदी प्रौद्योगिकीका लोकतन्त्रीकरणका पक्षधर हुनुहुन्छ अनि श्री अल्ट्म्यानले प्रधानमन्त्रीको दृष्टिकोणको सराहना गर्नुभएको छ। श्री वैष्णणवकाअनुसार उहाँले ओपन AI-का मुख्य् कार्यकारी अधिकारीसित सम्पूर्ण AI स्टेक स्टौंक GPU, ममुना र एप्सय तयार गर्ने कार्यनीतिबारे चर्चा गर्नुभयो।

---------------------------------------X---------------------------------------

- <u>National Games</u>

देहरादूनमा चलिरहेको राष्ट्रिय खेलमा आज निशानेबाजीमा हरियाणाकी सुरुचीले महिलाहरूको दश मिटर एयर पेस्तल प्रतिस्पर्धामा स्वर्ण पदक जितिन्। उनले दुई सय पैंतालीस दशमलौ सात अंकका साथ पहिलो स्थान प्राप्त गरिन्। हरियाणाकै पलकले रजत अनि पञ्जाबकी सिमरन प्रीत कौर बरारले काँस्य पदक आफ्नो पक्षमा बनाइन्।

---------------------------------------X---------------------------------------